# नेपालगञ्ज राजपत्र

## नेपालगञ्ज उप-महानगरपालिकाद्धारा प्रकाशित

**खण्ड २) नेपालगञ्ज, श्रावण ८ गते, २०७५ साल (संख्या २**

# भाग २

## नेपालगञ्ज उप–महानगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपपदफा २ बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०७५/१/१५ गते स्वीकृत गरेको नियम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७५ सालको नियम नं. २

### नेपालगञ्ज उप–महानगरपालिकाको गैरसरकारी संस्था समन्वय सम्वन्धी निर्देशिका २०७५

# नेपालगञ्ज उप-महानगरपालिकाको
## गैरसरकारी संस्था समन्वय सम्वन्धी निर्देशिका २०७५

**प्रस्तावना :**

नेपालगञ्ज उपमहानगरपालिकामा काम गर्ने गैरसरकारी संस्थाहरुसँग एकद्वार प्रणाली मार्फत आपसी सहयोग र साझेदारीलाई समेत परिचालन र प्रभावकारी बनाउन नेपालको संविधान २०७२ भाग ४ धारा ५१(ञ) (१४) र धारा ७२(२)ता नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृत संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकारसूचीहरुको विस्तृतीकरणमा गरिएको व्यवस्था र स्थानीय सरकार संचालन ऐन २०७४ **दफा २५ र १०२** वमोजिम मिति.२०७५/०१/१५ गतेको नेपालगञ्ज उपमहानगरपालिकाको नगरकार्यपालिकाले यो गैरसरकारी संस्था समन्वय सम्वन्धी निर्देशिका २०७५ जारी गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम **"गैरसरकारी संस्था समन्वय सम्वन्धीनिर्देशिका २०७५"** रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिका -

(क) "प्रमुख"भन्नाले नेपालगञ्ज उपमहानगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(ख) “अन्तर्राष्ट्रिय गैरसरकारी संस्था” भन्नाले विदेशमा दर्ता भई नेपालमा सामाजिक सेवा तथा विकास कार्यमा संलग्न हुने तथा त्यस्तो कार्यमा सहयोग गर्ने संस्थालाई सम्झनुपर्दछ ।

(ग) “समन्वय समिति” भन्नाले नगर समन्वय समितिलाई सम्झनु पर्छ ।

(घ) “दातृ निकाय” भन्नाले समाज कल्याण वा सामाजिक सेवा तथा विकास कार्यमा सहयोग

गर्ने विदेशी सरकार वा संघ, संस्था आदि सम्झनु पर्छ ।

(ङ) “मन्त्रालय”भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(च) “गैरसरकारी संस्था” भन्नाले लाभांश वा मुनाफा बितरण गर्ने उद्देश्य नराखी प्रचलित कानूनबमोजिम दर्ता भई कार्य गर्नेसामाजिक संस्थाहरुलाई सम्झनु पर्छ

(छ) “विधान” भन्नाले गैरसरकारी संस्थाको विधान सम्झनु पर्छ ।

(ज) “वोर्ड सदस्य” भन्नाले गैरसरकारी संस्थाका कार्य समितिका वोर्डसदस्यलाई जनाउँछ ।

(झ) “सामाजिक सेवा तथा विकास कार्य” भन्नाले नेपाली समाजको समतामूलक विकास, सामाजिक रूपान्तरण, लोकतन्त्र मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, गरिब, अशक्त एवं अपाङ्ग, यौनिक अल्पसंख्यक तथा उपेक्षित समुदायको सर्वोपरी हित, क्षमता विकास, सशक्तिकरण, वकालत, सामाजिक परिचालन,उपभोक्ता अधिकार ,सशक्तीकरण, आर्थिक विकास, सेवा र पुनर्स्थापनाका लागि गरिने कार्य सम्झनुपर्दछ ।

(ञ) “संघ संस्था” भन्नाले लाभांश वा मुनाफा वितरण गर्ने उद्देश्य नराखी संघसंस्था दर्ता ऐन, २०३४, राष्ट्रिय निर्देशन ऐन, २०१८ अनुसार दर्ता भएका तथा समाज कल्याण ऐन २०४९ अनुसार आवद्ध सामाजिक संस्थाहरुलाई सम्झनु पर्छ ।

(ट) “विषयगत समिति” भन्नाले स्थानीय तहमा गठित विभिन्न समितिलाई सम्झनु पर्छ ।

(ठ) “उपमहानगरपालिका”भन्नाले नेपालगञ्ज उपमहानगरपालिकालाई जनाउने छ ।

(ड) “गैसस” भन्नाले गैरसरकारी संस्था भन्ने जनाउनेछ ।

## परिच्छेद-२
## संघ संस्थाहरुको वर्गीकरण र सामाजिक विकास कार्यक्रम

### ३. संस्थाहरुको सूची तयार गर्ने:

(१) उपमहानगरपालिकामा काम गरिरहेका तथा काम गर्न चाहने सम्पूर्ण संघ संस्थाहरुको सूची तयार गरिने छ ।

(२) सूची तयार गर्दातपशील अनुसार वर्गीकरण गरी अलग अलग सूची तयार गर्नुपर्ने छ ।

(क) सामाजिक संस्थाहरु *(सामाजिक सचेतना, मानअधिकारको संरक्षण तथा प्रवर्द्धन, सामाजिक विकास, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, क्षमता विकास, सामाजिक परिचालन,भौतिक पूर्वाधार विकास, जीविकोपार्जन तथा आर्थिक क्रियाकलाप, मानवीय सहायता, प्राकृतिक श्रोत संरक्षण र व्यवस्थापन, गरिबी निवारण, पैरवी, उपभोक्ताहरुको हित संरक्षणका लागिस्थापितनागरिक संस्थाहरू)*

(ख) खेलकुद विकास संस्थाहरू

(ग) धार्मिक सांस्कृतिक संस्थाहरू

(घ) प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरू

(ङ) परोपकार संस्थाहरू

च) पेशागत संस्थाहरु

छ) संजाल तथा महासंघहरु

ज) उपभोक्ता समुहहरु

झ) अनुसन्धान संस्थाहरु

ञ) सामुदायिक संस्थाहरु

## ४. सामाजिक कार्यक्रमः

(क) उपमहानगरपालिकाले सामाजिक संघ संस्थाहरु मार्फत सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना तथा विकास कार्यक्रमहरु सञ्चालन गर्नेछन् ।

(ख) उपमहानगरपालिकाले सामाजिक परिचालन लगायतका कार्यहरु गर्दा दफा ३ वमोजिम सूचीकृत गैससहरुलाई प्राथमिता दिई समन्वय र साझेदारी गर्नेछ ।

(ग) संस्थाले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरुमा मात्र खर्च गर्ने गरी आफ्नो श्रोत निर्माणका लागि आयमुलक कार्यक्रमहरु संचालन गर्न सक्नेछन् ।

(घ) उपमहानगरपालिकाले सामुदायिक विकासको क्षेत्रमा कार्यरत सम्पूर्ण गैरसरकारी संस्थाहरुको सूची अद्यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन सक्नेछ ।

## ५. स्थानीय दिगो विकास सम्बन्धी कार्यक्रम संचालनः

उपमहानगरपालिकामा दिगो विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा उपमहानगरपालिकाले देहाय बमोजिमका विशेष कार्यक्रमहरु छनौट गरी साझेदारीमा संचालन गर्नेछ :

(क) महिला,बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,यौनिक अल्पसंख्यक,आदीवासी, जनजाति तथा दलित, असहाय लगायत पिछडिएका एवं सीमान्तकृत समुदायको हित र कल्याण सम्बन्धी कार्यक्रम,

(ख) रोजगार एवं स्वरोजगार सिर्जना सम्बन्धी कार्यक्रम,

(ग) स्थानीय विकासका लागि सहभागिता अभिवृद्धि गर्ने र लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरण सम्बन्धी,

(घ) ऐन, कानून, मानव अधिकार, लोकतन्त्र, सुशासन संरक्षण तथा प्रवर्द्धनात्मक कार्यहरु,

(ङ) स्रोत साधनमा पछाडि पारिएका समुदायहरुको पहुँच, स्वामित्व र नियन्त्रण वढाउने कार्य,

(च) कृषि उत्पादन, खाद्य सुरक्षा तथा पोषण,

(छ) सामाजिक कुरीति तथा अन्धविश्वास विरुद्धको कार्यक्रम,

(ज) गरिबी निवारण, आय आर्जन तथा सीप विकाससम्बन्धी कार्यक्रम,

(झ नागरिक कर्तव्य तथा दायित्व सम्वन्धी सचेतना कार्यक्रम,

(ञ) वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा प्रभाव न्यूनिकरण एवं विपद जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम,

(ट) स्वास्थ्य जनचेतना अभिवृद्धि तथा सेवा प्रवाहसम्बन्धी कार्यक्रम,

(ठ) शिक्षा लगायत आधारभूत शैक्षिक उद्देश्य परिपूर्ति गर्ने सम्बन्धी विविध कार्यक्रम,

(ड) पिउनेपानी, सरसफाई, जलश्रोत व्यवस्थापन तथा लघु तथा बैकल्पिक उर्जा विकास,

(ढ) भौतिक पूर्वाधारा विकास निर्माण तथा मर्मत सम्बन्धी

## परिच्छेद– ३

## कार्यक्रम संचालन रसमन्वय

### ६. स्थानीय तहसँग समन्वय :

(१) यस निर्देशिका अन्तर्गत सूचीकृत भएका र हुन चाहने संस्थाहरूले आफूले काम गर्ने कार्यक्षेत्र भित्रको उपमहानगरपालिकावाट कार्यक्रमको प्रकृति हेरि नगरसभामा पेश गर्ने वा समन्वय वा जानकारी गराई काम गर्नुपर्नेछ ।

(क) एक बर्ष भन्दा छोटो अवधिको परियोजनाहरु, सभा, सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा जवाफदेहिता प्रबर्द्धन, मानव अधिकार प्रबर्धन, सर्वेक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कामहरु गर्दा स्थानीय तहलाई जानकारी गराई

कार्यक्रम सञ्चालन गर्ने । कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन स्थानीय तहलाई गराउनु पर्नेछ ।

(ख) उपमहानगरपालिकाको नियमित र बिषयगत कामसँग मेल खाने प्रकृतिका परियोजना तथा कार्यक्रमहरुमा स्थानीय तहसँग समन्वय गरेर काम गर्ने ।

ग) एक बर्ष भन्दा लामो एवं वहुबर्षीय भौतिक निर्माणका परियोजना वा कुनै कार्यक्रम संचालन गर्नु परेमा स्थानीय तहसँग स्वीकृति लिएर काम गर्ने ।

(२) गैससहरुले संचालन गर्ने एक बर्ष भन्दा लामो वा वहुबर्षीय परियोजना वा कार्यक्रम स्थानीय योजना तर्जुमा प्रक्रिया मार्फत उपमहानगरपालिकाको एकीकृत बार्षिक कार्यक्रम तथा बजेटमा समावेश हुने गरी पेश गर्नु पर्नेछ र नगरसभामा स्वीकृत गर्नुपर्नेछ ।

(३) नगरसभा सम्पन्न भएपछि गैससहरुको कार्यक्रम बजेट स्वीकृत गर्नु पर्ने भएमा उपमहानगरपालिकाले स्वीकृत गराउनु पर्नेछ र अर्को आर्थिक बर्षको नगरसभाबाट अनुमोदन गराउन सकिनेछ ।

**७. गैसस समन्वय समिति गठन :**

(१) गैससहरुसँग समन्वय र साझेदारी प्रबर्धन गर्न निम्न बमोजिम तीन सदस्यीय गैसस समन्वय समिति गठन गरिने छ ।

(क) उपमहानगरपालिकाको उपप्रमुख - संयोजक

(ख) वडा अध्यक्षहरु मध्येबाट एक जना - सदस्य

(ग) गैसस महासंघ नेपालको एक जना प्रतिनिधि - सदस्य

(२) समन्वय समितिको बैठक र कार्यविवरण भने समन्वय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**८. प्रगति प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) हरेक गैरसरकारी संस्थाले आफ्नो कार्यक्षेत्र रहेको उपमहानगरपालिका समक्ष प्रत्येक आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र लेखापरीक्षण प्रतिवेदन एवम् वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**९. सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई सम्बन्धी व्यवस्थाः**

(१) गैरसरकारी संस्थाले सन्चालन गरेका कार्यक्रमको लक्ष्य, बजेट, कार्यक्रम एवं उपलव्धिका बारेमा कार्यक्रम कार्यान्वयन गरिएको स्थानका समाजसेवी, सञ्चारकर्मी, नागरिक समाज एवं उपभोक्ता समेतको सहभागितामा वार्षिक रुपमा सामजिक परीक्षण तथा सार्वजनिक लेखा परीक्षण तथा सुनुवाई गर्नु पर्नेछ ।

(२) उपमहानगरपालिकाले गैरसरकारी संस्थाहरुको लागि सामाजिक लेखा परीक्षण तथा सुनुवाईसम्बन्धी मार्गनिर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**१०. गैरसरकारी संस्थामा उपमहानगरपालिकाको संलग्नताः**

१) उपमहानगरपालिकाका पदाधिकारी सदस्य तथा कार्यरत कर्मचारीहरू संघीय ऐन बमोजिम दर्ता भएका गैरसरकारी संस्थाका सदस्य, कार्यसमितिका सदस्य वा पदाधिकारी र कर्मचारीका रूपमा संलग्न हुन पाउने छैनन् ।

**११. गैससको प्रतिनिधित्वः**

(१) उपमहानगरपालिकाका विभिन्न विषयगत समितिहरु र नेपाल सरकारद्वारा गठन गरिने गैरसरकारी संस्था सम्बन्धी विभिन्न समिति वा उपसमितिमा गैरसरकारी संस्था महासंघ नेपालको सिफारिसका आधारमा विषयगत गैरसरकारी संस्थाको प्रतिनिधित्व हुनेछ ।

**१२. होर्डिङ्ग बोर्ड :**

यस निर्देशिका वमोजिम सूचीकृत हुने हरेक सामाजिक संस्थाले आफ्नो संस्थाले गर्ने र गरिरहेको कामहरुबारे सबैलाई जानकारी गराउनको लागि एकहोर्डिङ्ग बोर्ड राख्नुपर्नेछ ।

## परिच्छेद– ४

## गैरसरकारी संस्था र स्थानीय तहको योजना तर्जुमा

### १३. योजना तर्जुमा प्रकृयामा गैससहरुको सहभागीताः

(१) उपमहानगरपालिकाको योजना निर्माण प्रकृयामा गैरसरकारी संस्थाहरुले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(२) सम्वन्धीत विषय र क्षेत्रको सूचना संकलनमा स्थानीय तहको आवश्यकतानुसार सहयोग गर्नुपर्नेछ ।

(३) उपमहानगरपालिकाको योजना निर्माण प्रकृयाको प्रारम्भिक चरणदेखि नै वैठकमा सम्वन्धीत गैससहरुको सहभागीता र प्रतिनिधित्व गर्नुपर्नेछ ।

(४) गैससका सम्वन्धित विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउन स्थानीय तहलाई सहयोग गर्नुपर्नेछ ।

(५) गैससहरुले स्थानीय तहका योजना निर्माण र कार्यान्वयनवारे जनचेतना अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्ने छ ।

### १४. योजना कार्यान्वयन र साझेदारी :

(१) उपमहानगरपालिका र विषयगत कार्यालयहरुको योजना कार्यान्वयनमा गैससहरुलाई आफ्नो स्रोत र क्षमतानुसार आर्थिक तथा प्राविधिक साझेदारी गर्नुपर्नेछ ।

(२) उपमहानगरपालिकामा संचालित विकास आयोजनाहरुको गुणस्तर अभिवृद्धिका लागि सम्वन्धीत उपमहानगरपालिकावाट अनुरोध भइ आएमा आवश्यकतानुसार ज्ञान, शीप, परामर्श तथा सुझाव उपलव्ध गराउनु पर्नेछ ।

(३) परियोजना समीक्षा वैठकहरुमा सहभागी हुने र पृष्ठपोषण दिनुपर्नेछ ।

### १५. स्थानीय योजना अनुगमन तथा मूल्यांकन :

(१) उपमहानगरपालिकावाट संचालन हुने विकास आयोजनाको अनुगमन तथा मुल्यांकन प्रकृयामा विषयगत गैससहरुलाई गैरसरकारी संस्था महासंघ नेपालको सिफारिसको आधारमा प्रत्यक्ष सहभागी गराइनेछ ।

(२) उपमहानगरपालिकाले स्वतन्त्र रुपमा विकास आयोजनाको तेश्रो पक्ष मूल्यांकन गर्नेछ जसमा सम्वन्धीत उपमहानगरपालिकामा रहेका दक्ष गैससहरुलाई प्राथमिकता दिइने छ ।

## १६. गैससका कार्यक्रम अनुगमन :

(१) उपमहानगरपालिकामा संचालित गैससहरुको परियोजना तथा कार्यक्रमहरु अनुगमन गर्नेछ ।

अनुगमन कार्यमा गैरसरकारी संस्था महासंघ नेपालको संस्थागत प्रतिनिधित्व गराइनेछ ।

(२) दफा(१) लागि उपमहानगरपालिकामा अनुगमन कोष स्थापना गरी सोही कोषवाट खर्च गर्न सकिने छ।

# परिच्छेद- ५
# वैदेशिक सहयोग तथा अन्तर्राष्ट्रिय गैसस सम्वन्धमा

## १७. वैदेशिक सहयोगः

(१) उपमहानगरपालिकामा परिचालन हुने वैदेशिक सहयोग स्थानीय तहमार्फत नै परिचालन हुने गरी सहयोग स्वीकार गरिनेछ ।

(२) उपदफा (१)वमोजिम उपमहानगरपालिकामा प्राप्त वैदेशिक सहयोग सम्वन्धीत उपमहानगरपालिकामा सूचीकृत गैससहरु मार्फत मात्र परिचालन गरिनेछ ।

## १८. एकद्वार प्रणाली सम्वन्धमा :

(१) उपमहानगरपालिकामा कार्य क्षेत्र रहेका सम्पूर्ण गैससहरुले कार्यक्रमहरुलाई दोहोरोपन हुन नदिन एकद्वार प्रणाली अपनाइनेछ ।

## १९. अन्तर्राष्ट्रिय गैसस सम्वन्धमाः

(१) उपमहानगरपालिकामा काम गर्न चाहने अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले स्थानीय तहमा स्थानीय गैरसरकारी संस्था मार्फत मात्र कार्य गर्नु पर्नेछ ।

(२) कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नो कार्य क्षेत्र रहेको नगरपालिका/गाउँपालिकामा कार्यालय राखी कार्यक्रमको प्रत्यक्ष कार्यान्वयन गर्न पाउने छैन ।

## परिच्छेद- ६
## विविध

### २०. पुरस्कार र प्रोत्साहन :

उपमहानगरपालिकाले सामाजिक सेवा तथा विकास कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने तथा पछाडि पारिएको वर्ग र समुदायको हित, कल्याण र शसक्तिकरणका लागि उल्लेख्य योगदान पुऱ्याउने गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गर्न सामाजिक सेवा पुरस्कारहरुको स्थापना तथा वितरण गर्नेछ ।

### २१. सामाजिक विकास कोष :

गैरसरकारी संस्थाहरूमा कार्यरत कार्य समिति, कर्मचारी एवं स्वयंसेवकहरुको थप क्षमता विकासका लागि उपमहानगरपालिकाद्धारा सामाजिक विकास कोषको स्थापना गरिनेछ ।

### २२. दण्ड सजाय :

उपमहानगरपालिकामा कार्यरत गैरसरकारी संस्थाहरूले काम गर्ने क्रममा आर्थिक हिनामिना वा कानून विपरित कार्य गरेको पाइएमा त्यस्ता संस्थाहरुलाई काम गर्न रोक वा खारेजीका लागि दर्ता गर्ने निकाय समक्ष सिफारिश गर्न सक्नेछ । तर, सो अगाडि उक्त संस्थालाई स्पष्टीकरण वा आवश्यक विवरण माग्नु पर्नेछ ।

### २३. मार्गनिर्देशिका वनाउने अधिकार :

यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न उपमहानगरपालिकाले आवश्यक मार्गानिर्देशिका वनाउन सक्नेछ ।

## २४. आचार संहिता :

गैरसरकारी संस्थाहरूका छाता संगठनहरू वा गैरसरकारी संस्थाहरू स्वयंले आचार संहिता निर्माण गरी लागु गर्नु पर्नेछ ।

## २५. वाधा अड्काउ फुकाउने अधिकार:

(१) यस निर्देशिकाको उद्देश्यकार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा उपमहानगरपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश उपमहानगरपालिका ले ६ महिना भित्र नगरसभाबाट अनुमोदन गराउनुपर्नेछ, नगरेमा स्वत्त निस्क्रिय हुनेछ ।

## २६. बचाउ र लागु नहुने :

(१) यो निर्देशिकामा उल्लेख नभएको विषयको हकमा लेखिए जति कुरामा सोही वमोजिम र नलेखिएको कुरामा प्रदेश तथा संघीय कानून वमोजिम हुनेछ ।

(२) यस निर्देशिकामा उल्लेख भएका कुनै विषय प्रदेश, संघीय कानून तथा संविधान संग बाझिएको खण्डमा बाझिएको हकमा स्वत: निस्क्रिय भएको मानिनेछ ।

**आज्ञाले,**
**तोयनारायण सुवेदी**
**प्रमुख प्रशासकिय अधिकृत**

**प्रमाणीकरण मिति : ईति संवत २०७५ साल बैशाख १५ गते रोज ६ शुभम् ।**